# ८ यस संसारमा येशू आउनुको लक्ष्य

<u>*यस अध्यायका मूल पदहरू:*</u> लूका १५:४-७, ११-५२, लूका १६:१९-५१, लूका १८:३५-४३, लूका १९:१-१०।

<u>*यस अध्यायको मूल पद:*</u> "हराएकाहरूलाई खोज्न र उद्धार गर्न मानिसको पुत्र आएको हो।" (लूका १९:१० रूपान्तरित)।

**यदि हामीहरूले यस संसारमा येशूभक्त भएर बस्नुको उद्देष्य वा चर्चको मूल लक्ष्य भनेको के हो भनेर लेख्नुपर्दा येशूको उपरोक्त निर्णायक भनाईलाई नै दोहोऱ्याउनु पर्छ "हराइरहेकाहरूलाई खोज्न र उद्धार गर्न"(लूका १९:१० रूपान्तरित)।**

के हराएको थियो त? परमेश्वरबाट अलगिएको सम्पूर्ण मानव प्राणी हराइएको थियो। मानव जगत नाश हुने निर्णयमा पुगेको थियो। डर, सन्त्रास, त्रास, निराश, हतोत्साह, बेकारमा जन्मेको भावना आदिले मानिसहरूलाई पिरोलेको थियो। यदि त्यसको समाधान गर्न केही पनि गरिएन भने मानिस बाफ जस्तो भएर हराउने थियो।

तर प्रभु येशूलाई धन्यवाद दिऔं किनभने यस संसारमा हामी जन्मनुको महान् औचित्यलाई उहाँले गर्दा अर्थमूलक भएको छ। उहाँले नै हामी आशावादी हुन धेरै कारणहरू देखाउनुभएको छ।

"जब यस (सैतान, आदम र हव्वाको कारण) संसारमा पाप भित्रियो तब मानिस परमेश्वरबाट अलगियो। स्वर्गबाट यस पृथ्वीको सम्पर्क विच्छेद भएको थियो। मानिस र परमेश्वरको बीचमा गहिरो खाल्डोको सृजना भएको थियो जसले गर्दा परमेश्वर र मानिसको बीचमा सम्पर्क हुनसकेको थिएन। तर येशूले गर्दा यस पृथ्वी फेरि स्वर्गसँग सम्पर्क फेरि जोडियो। येशूको आफ्नै क्रियाकलापले गर्दा पापको कारणले अलग भएको संसार र स्वर्गको बीचमा बारपार गर्न पुलको निर्माण गरियो। कमजोर पतित र नीरिह मानिसलाई परमेश्वरको

शक्तिसँग ख्रीष्टले जोडिदिनुहुन्छ।"-एलेन जी ह्वाइट, स्टेपस्स टु क्राइस्ट, पृ. २०बाट रूपान्तरित।

हराइरहेको मानिसलाई परमेश्वरले खोजी रहनुभएको छ भनेर पवित्र धर्मशास्त्र बाइबलले बताउँछ। उक्त शास्त्रको प्रथम् पुस्तक उत्पत्तिदेखि अन्तिम पुस्तक प्रकाशसम्म नै हराएको मानिसलाई खोज्न परमेश्वरको सक्रियतालाई छर्लङ्ग देखाएको छ। त्यस सत्यतथ्यलाई पुष्टि गर्न लूकाले तिन महत्त्वपूर्ण अर्ती कथाहरूद्वारा देखाइएको छ। ती हुन्: हराएको भेँडा (लूका १५:४-७), हराएको सिक्का (पद ८-१०) र हराएको वा घर छोडेको छोरो (पद ११-३२)।

## १ हराएको भेँडा र हराएको सिक्का (लूका १५:३-७)

हराएको भेँडालाई गोठालाले खोज्न गएको थियो। त्यसले परमेश्वरको प्रेम हामीप्रति कस्तो छ भनेर देखाउँछ। हेर्नुहोस्: लूका १५:३-७ " तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयो: ४ "तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।' ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।"

**यस संसारका मानिसहरूले हामीप्रति सरोकार नराख्ला, हामीलाई घटिया थान्छन् होला, हामीलाई अवहेलना वा उपेक्षा गर्ला, तर उपरोक्त कथाले परमेश्वरको महान् अचम्मको प्रेमलाई देखाएको छ। हामीलाई उहाँले यस्तरि प्रेम गर्नुभएको छ कि हामीलाई खोज्न उहाँ नै आउनुभएको थियो ताकि हामी फेरि उहाँकहाँ आउन्। परमेश्वरको खोजमा मानिस लागिरहेको छ भन्ने लोक धारणा छ। तर परमेश्वरले**

हामीहरूलाई खोजिरहनुभएको छ भन्ने आत्मज्ञानसँग त्यस धारणा बाझिएको देखाउँछ।

"जुन मानिसले आफूलाई ख्रीष्टको हातमा सुम्पन्छ त्यो मानिस उहाँको नजरमा सारा संसारभन्दा पनि बहुमूल्य हुन्छ। केवल एक जनालाई मात्र मुक्ति दिनु परेतापनि उहाँ कलभरीको महाकष्ट भोग्नुहुन्थ्यो। जसको निम्ति उहाँ मर्नुभयो त्यो एक जनामात्र किन नहोस् उहाँले उसलाई कहिल्यै पनि त्याग्नु हुन्न। यदि उहाँको भक्तहरूले उहाँको पछि लाग्न निर्णय गरे भने उहाँले तिनीहरूलाई दरिलोसँग पकडि राख्नुहुनेछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ४८३बाट रूपान्तरित।

सीक्काको अर्तीकथा केवल लूकाले मात्र दिएको छन्, जुन् यस प्रकारको छः "८ "कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिन? ९ हराएको सिक्का पाएपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसँग रमाओ, किनभने मैले मेरो हराएको सिक्का पाएकी छु।' हराएको सिक्काको दुई अर्थ हुन सक्छ। प्रथमतः येशूको समयमा यहूदीयामा धेरै गरिबहरूले भरिएका थिए। प्रायजसो घरहरूमा एक सिक्काको (ड्राक्मा) अर्थ ती गरिबहरूको निम्ति दिनभरीको पारिश्रमिक ज्याला थियो। दैनिक ज्यालामा काम गर्नेहरूले आफ्नो परिवारलाई भोकै मर्नबाट बचाउन त्यस सिक्काले पुऱ्याउँथ्यो। दोस्रोमा, गरिब परिवारका केही महिलाहरूले बिवाहको चिन्न स्वरुप दस वटा सिक्काहरूलाई माला गाँसेर घाँटीमा झुन्ड्याउँथे। साथै गरिब महिलाहरूले भविष्यमा आवश्यकता परेको बेलामा प्रयोग गर्न ती सिक्काहरू वचतको रूपमा घाँटीमा झुन्ड्याएर सञ्चित गरिराख्थे।

जुनसुकै अर्थ लगाएतापनि एक सिक्का हराउनुभनेको गरिब महिलाको निम्ति ठूलो नोक्सान हुन्थ्यो। त्यसकारण अति दुःखित भएर अँध्यारो घरमा टुकी बालेर कुचो लिएर बढारी बढारी धुईंधुईंती त्यस महिलाले खोज्छिन्। हराएको सिक्का नपाउँञ्जेल घरलाई नै उथलपुथल पार्छिन्। जब हराएको सिक्का पाउँछिन् तब उनी खुशीले अत्यन्त आनन्द

मनाउँछिन् र आफ्नो खुशीयालीलाई आफ्ना छरछिमेकी मित्रहरूलाई पनि बाँड्छिन्।

"धुलोमा हराइरहेको सिक्का भएपनि त्यो चाँदीको होस् वा सुनको होस्, त्यो दामी सिक्का नै थियो। त्यसको किमत वा मूल्यको निम्ति त्यसको स्वामीले अथक प्रयाससाथ खोजेकी थिइन्। त्यसकारण प्रत्येक प्राण जतिसुकै पापले बेरेर कलङ्क वा दाग लगाएतापनि परमेश्वरको अगाडि बहुमूल्य वा किमती नै भएको हुन्छ। त्यस सिक्कामा शासकको अनुहार र उसको आधिकारिक शब्दहरू लेखिएका हुन्छन्। त्यसै प्रकारले जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो उनी परमेश्वरको स्वरुपमा सृष्टि गरिएको थियो। उहाँको वचनको शक्तिले उसलाई जीवित पारिएको थियो। हो, हामी पापको प्रभावले बेरेको संसारमा छौं। यद्यपि, प्रत्येक व्यक्तिले कुनै न कुनै रूपमा सृष्टिकर्ताको छाप उसको प्राणले बोकिरहेको हुन्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ.१९४बाट रूपान्तरित।

आधुनिक विज्ञान र दार्शनीक भनाउँदाहरूले मानव जातको अवमूल्यन गरि हामी केही पनि होइनौं केवल यस अर्थहीन जगतमा अचानक निस्केको वस्तुमात्रै हौं भनेर वकालत गर्दछन्। न त हामीहरूको भूत, न त वर्तमान न त भविष्यसँग यस जगतको केही सरोकार छ। तर येशूले सुनाउनुभएको ती अर्तीकथाहरूले गरिएको मानव मूल्यको चित्रण र ती वैज्ञानिक र दार्शनिक अर्थात् वढे वढे विद्वान वा वादहरूले गरेको मानव अवमूल्यणको चित्रणमा के पूरै निर्णायित्मक भिन्नता छ? सोच्नुहोस्।

## २. आफू खुशीले बेपत्ता हुन चाहेको पुत्रको अर्तीकथाः भाग १ (लूका १५:१३-२०)

"११ उहाँले भन्नुभयो, "कुनै मानिसका दुई छोरा थिए। १२ कान्छाचाहिँले बाबुलाई भन्यो, 'पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको हिस्सा मलाई दिनुहोस्।' तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए। १३ "धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति उड़ायो।

१४ त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला त्यस देशमा ठूलो अनिकाल पऱ्यो, र त्यसलाई अभाव हुन थाल्यो। १५ त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो। उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६ सुँगुरले खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई केही दिँदैनथियो। १७ "जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, 'मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु। १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। १९ अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्"।' २० तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो।" लूका १५:११-२० भाग १)।

आफू खुशी बेपत्ता हुन चाहेको पुत्रको कथा साहित्यिक तथा धार्मिक कृतिहरूमा उत्कृष्ट कथा मानिएको छ। पिताको क्षमाशील तथा सदाशयतको छोटो कथालाई अत्यन्त सौन्दर्यतासाथ कोरिएको छ। यथार्थमा भन्ने हो भने यस बेपत्ता भएको पुत्रको अर्तीकथा (लूका १५:११-३२)लाई प्रेमिलो पिता र हराएका दुई पुत्रहरूको अर्तीकथा भने पनि हुन्छ। दुई छोराहरू मध्ये एक जना कान्छोले आफ्नो पिताको प्रेमबाट दिक्क भएर विदेशमा गएर जथाभावी जीवन बिताएको थियो भने जेठाले आफ्नो बाबुकै घरमा बस्ने निधो गरे तर उसले बाबुको प्यारलाई राम्रोसँग पहिचान गर्न सकेको थिएन। दाजु हुनुको अर्थ के रहेछ भनेर पनि उसले जानेको थिएन। त्यस कथालाई सात भाग लगाएर बुझ्न सक्दछौं-पहिला बेपत्ता भएको पुत्रको बारेमा केलाएर, दुई भागचाहिँ बाबुको मर्मलाई बुझेर र एक भागचाहिँ जेठो दाजुको चर्तीकलालाई लिएर।

१. "मलाई दिनुहोस्" (लूका १५:१२)। कान्छो छोरोले आफ्नो सम्पत्तिको हिस्सा बाबुसँग मागेको कुरालाई चर्चा गर्दा त्यो अचानक मागेको थिएन भन्ने सुहाउँछ। जीवनको गलत

बाटोमा हिँडाउने पापको फन्दामा मानिसलाई धेरै समयसम्म झुलाइरहेको हुन्छ। कान्छो छोरोले आफ्नो साथीभाईहरूबाट विदेशमा मोजमज्जा वा रमाइला कुराहरू सुनीरहेको होला। गाउँको बातावरण भन्दा टाढा बिदेशी शहरको बातावरण आकर्षित भएको उसको मनमा खेलाइरहेको होला। बाबुको घरमा अनुशासनमा बस्नुपरेको थियो। बाबुआमाको प्रेम त थियो तर प्रेमको पनि सिमाना हुन्छ। मुग्लान वा विदेशमा फुक्का जीवन बिताउने उसले सपना देख्न थालेको थियो होला। स्वतन्त्र तथा कुनै नियममा बस्न नपरेको जीवन रमाइलो नै होला भन्ने उसको सोच थियो होला। बाबुको सुरक्षित बानीले उसलाई उकुसमुकुस पारेको थियो। उसको निम्ति बाबुको प्यार धेरै भएको थियो। बाबुको प्रेमलाई नचिनेर उसले बाबुबाट मुक्ति वा स्वतन्त्र चाहे। स्वतन्त्र वा मुक्तिको खोजी नै बाबुको विरोधमा जाने बिऊ भयो।

२. "मैं किन?" (लूका १५:१३-१४)। बाबुले दिएको सबै अंशलाई रकममा परिणत गरेर पर देश मुग्लानमा त्यो छोरो पसे। विदेश वा टाढा देशमा जानु भनेको आफ्नो बाबुको घर र उसको छाँयाबाट हराउने चाहना थियो। तर विदेशमा प्रेमको हेरचाह र सुरक्षित बारको नियमहरूको परिधिमा ऊ रहनुपरेको थिएन। आफूसँग भएको निस्फ्रिकी धनले विदेशमा उसले मोजमज्जा र बिलासी जीवन बिताउन थाले (लूका १५:१३)। नयाँ करारमा मोजमज्जा भन्ने शब्दलाई ग्रीक भाषामा आसोटोस (**asotos**) भन्ने नामले सम्बोधन गरिन्छ जसको अर्थ होः (१) जाँड रक्सीले मात्तिनु (एफिसी ५:१८) (२) बिरोधी भावनाले उत्तेजित हुनु। विशेष गरेर परमेश्वरमाथिको विश्वासप्रति वितृष्णा जगाउनु (तीतस १:६) र (३) भोगबिलास, जथाभावी र लम्पट जीवन बिताउनु (१ पत्रुस ४:३,४)। त्यस्तो लथालिङ्गको जीवन र नास्तिक जीवनले उसको स्वास्थ्य, धनको नाश भयो। अनि टाट

उल्टेको, साथीहरू नरहेको र खाना समेत नभएको नाजुक अवस्थामा उसले आफूलाई भेट्टायो। एक फेरा उसको सान्है रमाइलो र मनमोहक जीवन धरासयी भयो। भोकले रन्थलिन थालेको धनीको छोरो अछुत जनावर सुँगुरको हेरचाह गर्न ऊ पुग्यो। यहूदीको निम्ति त्यो जीवन अत्यन्त दर्दनाक र नाजुक थियो।

३. "मलाई बनाउनुहोस्" (लूका १५:१७-१९)। त्यो युवक अझै जमिन्दार बाबुको छोरो नै थियो। उसको जीवनलाई फनक्क घुमाउने आत्मिक निर्णय गर्ने अधिकार उसमा थियो। त्यसकारण आफूले बेइज्जत खालको दुःख भोगेपछि ऊ बल्ल होसमा आयो। अनि घरको याद आयो, त्यस घरमा बाबु त छ नी भन्ने सम्झना आयो र प्रेमको बन्धनको मिठो याद उसलाई भयो। आफ्नो बाबुको पाऊमा घोप्टो परेर उनीसँग के माग्ने भन्ने भाषणलाई तयार गरेर बाबुको घरतिर हिंड्छ। उसको अनुरोधमा "मलाई बनाउनुहोस्" भन्ने वाक्य घुसारेको थियो। त्यसको अर्थ यो हुन आउँछ, "मलाई तपाईंले जे गर्न चाहनुहुन्छ सो गर्नुहोस्। तर तपाईंको स्नेहको नजर भित्र राख्नहोस्, मलाई तपाईंको प्यारको घेरामा राख्नुहोस ।" बाबुको हृदयमा त्यो भन्दा उत्तम घर अरू के होला?

संसार अत्यन्त आकर्षित र लोभलाग्दो हुनसक्छ। तपाईंले संसारमा यस्तो के देख्नुभएको छ जसले तपाईंलाई लोभलाग्दो छ? "यो त्यस्तो खराब छैन" भनेर तपाईं सोच्नु त होला, तर भित्री हृदयले त्यो ठीक छैन भनेर बताइरहेको हुन्छ।

३. आफू खुशीले बेपत्ता हुन चाहेको पुत्रको अर्तीकथाः भाग २ (लूका १५:१७-२०)

## ३. अनि त्यो छोरो घर फर्किन्छ (लूका १५:२१-३२)।

"२० तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। "तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर

गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे। २१ "छोराले तिनलाई भन्यो, 'बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि तपाईंको छोरो भनिने योग्यको छैनँ।' २२ "तर बाबुचाहिँले आफ्ना कमाराहरूलाई भने, 'झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई पहिराइदेओ। यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं। २४ किनकि यो मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ।' तब तिनीहरू आनन्द मनाउन लागे। २५ "त्यस बेला तिनको जेठो छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको आवाज सुन्यो। २६ त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर 'यो के भइरहेछ?' भनेर सोध्यो। २७ उसले त्यसलाई भन्यो, 'तपाईंका भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो पशु मार्नुभयो। किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो।' २८ "तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे। २९ तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन। ३० तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।' ३१ "तब तिनले त्यसलाई भने, 'छोरा, तिमी त मसँग सधैंभरि छँदैछौ नी, अनि मेरो सबै सम्पत्ति तिम्रै हो। ३२ तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ'।"

**आत्मआलोचना गरेर पश्चाताप गर्न पुगेको त्यो छोरो त्यो स्थितिमा पुग्न धेरै समय लागेको थियो। उसको पश्चातापको यात्रा यसरी सुरू हुन्छ "जब ऊ होसमा आयो।" (रूपान्तरित)। आफ्नो बाबुको घरसँग तुलना गर्दा आफ्नो हालत नाजुक भएको आत्मज्ञानले उसको अन्धकार भएको मानसिक अवस्थाको घैंटोमा घाम झुल्केको थियो। सुँगुरको**

संगतमा रहनुभन्दा आफ्नो बाबुको घरमा नोकर हुनु जाति भनेर वौद्धिक ज्ञान प्राप्त भएपछि ऊ फोहरी जमिनबाट उठेर आफ्नो बाबुको घरतिर लम्कियो। उसले बाबुलाई चित्त बुझाउन चारवटा बुँदाको वक्तव्य तयार गरेको थियो। त्यस वक्तव्यमा ऊ पक्का पछुताव गरेको देखाएको थियो। त्यस वक्तव्यमा भएका चार बुँदाहरू यस्तो छन्ः

१. आफ्नो बाबुलाई "मेरो पिता" भनेर स्वीकारोक्तिले बेपत्ता हुनचाहेको पुत्र अब आफ्नो बाबुमाथि भरोसा राख्न सकेको देखाएको थियो। उसलाई यो यकिन भएको थियो कि उसले आफ्नो बाबुको प्रेम र सदाशयता अर्थात् क्षमाशीलतामा भर पर्न सक्छ। यसरी नै हामीले पनि स्वर्गमा रहनुहुने परमेश्‍वर पिताको प्रेम र क्षमाशीलतामाथि भरोसा राख्न सिक्नुपर्छ।

२. आफूले गरेरको भुलको स्वीकारः त्यो छोरोले केवल गलत बाटोमा मात्र लागेको थिएन त परमेश्‍वर र आफ्नो पिताको खिलाफमा पाप गरेको थियो (पद १८)।

३. आफूले गरेको कुर्कुत्यप्रति गहिरो दुःख व्यक्त गर्दै आफू मायालु पिताको पुत्र हुन अयोग्य भएको स्वीकारोक्ति। "म अब तपाईंको छोरो भन्न योग्यको छैन।" (पद १९)। गरिमामय तथा योग्य परमेश्‍वर र आफ्नो आदरणीय पिताको मायाको काखमा बस्न आफू नसुहाएको उसले बुझेको थियो। परमेश्‍वरको सामु अयोग्य ठहरिएको स्वीकारबाट नै असली वा सही पश्‍चाताको थालनी हुन्छ।

४. "मलाई तपाईंको ज्यालादारी नोकर बनाउनु होस्" (पद १९) भनेर बिन्ति वा अर्जी गर्नु। परमेश्‍वरले जे गर्न चाहनुहुन्छ त्यसमा आफूलाई सुम्पिन राजी हुनु नै हृदयदेखि गल्ती स्वीकार गरेको प्रण गरेको प्रमाणित गर्दछ। अनि आफ्नो बाबुको प्यारमा विश्‍वस्त भएर ऊ घर फर्कन्छ।

५. प्रतिक्षा गरिरहेको पिता (लूका १५ः२०,२१)। जब आफ्नो बाबुबाट भाग्न चाहने छोरो घरबाट निस्के तब बाबुको हृदय छियाछिया भइरहेको थियो। "कुनै दिन मेरो छोरो फर्केर आउने छ" भन्ने आशा गर्दै त्यस छोरोको निम्ति पर्खिरहेका थिए। हरदिन "मेरो छोरो आयो कि?"

भनेर झ्यालबाट हेर्थ्यो। जब टाढाबाट आफ्नो छोरो लर्खरिन्दै आएको देख्यो त्यस बाबुको धोको पूरा भएको थियो। उसको हृदयमा दया र करूणाले भरियो र दगुरेर गएर आफ्नो छोरोलाई अङ्कमाल गर्दै म्वाइ खायो (पद २०)। आफ्नो छोरो फर्कन्दा हर्षले गदगद भएको बाबुको चित्रणले परमेश्वरको असली चरित्रको पनि चित्रण गर्दछ। झुत्रे झाम्रे लुगा लगाएर आएको छोरोलाई बाबुले अङ्कमाल गरेको चित्रले झल्काउने परमेश्वरको प्रेमको तुलनामा अरू के होला?

६. हर्षले विभोर भएको परिवार (लूका १५:२२-२५)। बाबुले अङ्कमाल गर्छ, नयाँ पोशाक लगाइ दिन्छ, छोरोको औंलामा औंठी लगाइ दिन्छ, खाली खुट्टामा हिँडेर आएको छोरोलाई जुत्ता लगाइ दिन्छ र रमाइलो गर्न भोजको तयार गर्न आफ्ना चाकरहरूलाई निर्देशन दिन्छ। सारा परिवार खुशियाली भएर उत्सब मनाएको थियो। आफ्नो घर छोडेर गएको छोरो बाबुको निम्ति मरेतुल्य भएको थियो। अनि घर फर्कनु भनेको मरेकोबाट पुनरुत्थान भएको जस्तो थियो। त्यसकारण त्यस परिस्थितिमा उत्सब मनाउनु सही थियो। बाबुबाट बेपत्ता हुन चाहेको छोरो अझ छोरो नै थियो। त्यसकारण प्रत्येक मानिस जो आफ्नो पापको पश्चाताप गरेर परमेश्वरमा फर्किन्छ त्यसबेल स्वर्गमा पनि ठूलो उत्सब मनाइन्छ (पद ७)।

७. जेठो छोरो (लूका १५:२५-३२)। जब आफ्नो घरबाट टाढा मुग्लान वा विदेशमा जान बाहिर निस्के तब त्यो कान्छो छोरो हराएको थियो। तर जेठो छोरो बाबुकै घरमा रहेतापनि ऊ हराएको थियो। शरीरमा बाबुसँग रहेतापनि उसको मनचाहिँ पर देशमा थियो। आफू आफ्नो भाईभन्दा धर्मी छु, असल छु भनेर आफूले आफैलाई श्यावास दिने दाजु भाईदेखि झनक्क रिस उठ्छ, आफ्नो दुखेसो बाबुलाई पोख्छ र डाह र क्रोधले मात्तिएर घरमा पस्दैन। “जथाभावी सम्पती उडाउने, बेश्यासँग लाग्ने" भनेर आफ्नो भाईको चरित्रप्रति क्रोधित भएर आफ्नो भाई पनि नभनी “तपाईंको छोरो" भनेर आफ्नो बाबुलाई उसले रिस पोखाउँछ (३०)। त्यस जेठो छोरोको मनस्थिति फरिसी पण्डितहरूको जस्तै थियो जसले येशूको आलोचना गर्दै यसरी दोष लगाएको थियो

"धत्तेरिका, यो मानिस त पापीहरूसँग पो घुलमिल गर्दो रहेछ र तिनीहरूसँग खान्दो पो रहेछ।" (लूका १५:२ रूपान्तरित)। बाबुले जेठो छोरोलाई भनेको अन्तिम शब्दहरूले पश्चाताप गरेका पापीहरूप्रति परमेश्वरको दृष्टिकोण कस्तो हुन्छ भनेर स्पष्ट रूपमा झल्काउँछः "हामीले रमाइलो गर्नु र खुशी हुनु सही छ किनभने तिम्रो भाई मरेको थियो र जीवित भएर आयो। ऊ त बेपत्ता भएको थियो, अब पाइयो" (पद ३२ रूपान्तरित)।

के तपाईं अरूभन्दा धर्मी छु भनेर दावी गर्नुहुन्छ? तपाईंले तपाईंले जेठो छोरोको जुत्ता लगाउनुहोस्। उसको सोच गलतै देखिएतापनि उसले भनेको कुरा सही देखिने भएकोले ऊ कसरी रीसको रौनकमा परियो? भ्रष्ट, पापी, दुराचारी आदि भएको मानिसले पश्चाताप गरेर परमेश्वरलाई विश्वास गरेर नयाँ जीवन अपनाउन चाहने व्यक्ति संसारको अगाडि बेकुफ ठरहिन सक्छ तैपनि परमेश्वरको प्रेमले ओतप्रोत भएर अरूलाई उहाँको मायाले व्यवहार गर्नुपर्छ भनेर सुसमाचारको सन्देशले हामीलाई कसरी देखाउँछ?

## ४. गुमिएका अवसरहरू (लूका १६:१९-३१)

पापमा हराइरहेकाहरूलाई खोज्न र उद्धार गर्न येशू आउनुभएको थियो। तर उहाँले उपलब्ध गराउनुभएको मुक्तिलाई कसैलाई करकापमा दिनुहुन्न। मुक्ति मुफ्तमै पाउँछ र कुनै जातभात, धर्म, लिङ्ग, वर्ग, वर्ण, वर्ष र राष्ट्र नभनी सबैलाई उपलबब्ध गराइएको छ। तर प्रत्येक मानिसको व्यक्तिगत आत्मनिर्णय बिना मुक्तिलाई स्वःत मानव जीवनमा नघुसाउने प्रावधान भएकोले त्यसलाई विश्वासमा बिना पैसा नतिरी ग्रहण गर्नै पर्छ। जब मानिसले येशूले दिनुभएको मुक्तिलाई आफ्नो जीवनमा ग्रहण गर्छ तब उसले आफ्नो जीवन परमेश्वरको इच्छा अनुसार चलाउन सक्रिय बनाउँछ। यो अनुभव केवल यस संसारमा हामी बाँचुञ्जेलमात्र अनुभव गर्न सकिन्छ, मरेपछि मुक्ति पाउने शुभ अबसर हामी गुमाउँछौं।

लूका १६:१९-३१मा एक अर्ती कथा उल्लेख गरिएको छ। त्यस कथामा के गरिमामय तथा महत्त्वपूर्ण सन्देश कोरिएको छ? हेर्नहोस्:

“एक जना धनी मानिस थियो, जो बहुमूल्य वस्त्र र मिहीन मलमल
लगाएर दिनहुँ मोजमज्जामा बस्तथ्यो। २० उसको ढोकामा लाजरस
नाउँको एक जना गरीब मानिसलाई ल्याएर राखिदिन्थे। त्यो घाववैघाउले
भरिएको थियो। २१ त्यस धनी मानिसको टेबिलबाट झरेका टुक्राटाक्री
खाएर लाजरसले आफ्नो पेट भर्ने इच्छा गर्थ्यो। कुकुरहरूले पनि आएर
त्यसका घाउहरू चाट्थे। २२ “त्यो गरीब मानिस मऱ्यो, र
स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी
मानिस पनि मऱ्यो र गाडियो। २३ नरकमा कठोर कष्ट भोगिरहेको
बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा
लाजरसलाई देख्यो। २४ अनि उसले कराएर भन्यो, ‘हे पिता अब्राहाम,
ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको
टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस
ज्वालामा भयङ्कर वेदना पाइरहेछु।’ २५ “तर अब्राहामले भने, ‘छोरो,
याद गर, तिमीले आफ्नो जीवनकालमा असलअसल कुराहरू भोग गऱ्यौ,
र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र
तिमीचाहिँ कष्टमा छौ। २६ यी सबै कुराबाहेक यहाँबाट तिमीकहाँ
पारि जान खोज्नेहरू जान नसकून् र त्यहाँबाट यहाँ हामीकहाँ वारि
आउन पनि नसकून् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति
गहिरो धाँदो छ।’ २७ “उसले भन्यो, ‘पिता, यसैकारण म तपाईंलाई
बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, २८
किनभने मेरा पाँच भाइ छन्, र त्यसले तिनीहरूलाई चेताउनी देओस्,
नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान्।’ २९ “तर
अब्राहामले भने, ‘तिनीहरूका साथमा मोशा र अगमवक्ताहरूका पुस्तक
छन्। तिनीहरूले ती सुनून्।’ ३० “तर उसले भन्यो, ‘होइन, पिता
अब्राहाम, मरेकाबाट कोही एक जना तिनीहरूकहाँ गयो भनेता तिनीहरूले
पश्चात्ताप गर्नेछन्।’ ३१ “उनले उसलाई भने, ‘मोशा र
अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही
जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्’।”

येशूले भन्नुभएको यो काल्पनिक अर्तीकथा केवल लूकालेमात्र उल्लेख गरेका छन्। यस कथामा मुक्तिको बारेमा दुई महान् अर्तीहरू सिकाउँदछन्: (१) मुक्तिको लागि भोली भनेर पर्खिने होइन तर "अहिले" नै महत्त्वपूर्ण समय हो (२) मरेपछि मुक्तिको उपभोग गर्ने अर्को अअवसर हुँदैन।

हो, मुक्तिको दिन आज नै हो। याद गर्नुहोस्: यस अर्तीकथामा धनी हुनु धेरै खराब छ भनेर सिकाउँदैन न त गरिब हुनुमा कुनै श्यावासीको वरदान नै छ। तर यस संसारमा बाँचुञ्जेल मुक्ति पाउन र मुक्ति पाएको जीवन बिताउने अवसरलाई गुमाउनुहुन्न भनेर त्यस अर्तीकथाले सिकाउँछ। चाहे धनी होस् वा गरिब होस्, चाहे शिक्षित वर्ग होस् वा अशिक्षित वर्ग होस्, चाहे बल, शक्ति वा अधिकारले सम्पन्न भएको व्यक्ति होस् चाहे नीरिह व्यक्ति होस्, मरेपछि दोस्रो मौका हामी पाउँदैन न त परमेश्वरलाई ग्रहण गर्ने तत्काल अवसर फेरि पाउँछ भन्ने छ। बर्तमान जीवनमा नै येशू ख्रीष्टलाई जीवन दिएर सकारात्मक मनस्थितिमा आफूलाई पारेर मुक्तिको वातावरणमा रहन्छ भने उसको न्याय भइसकेको हुन्छ। "हेर, परमेश्वरलाई ग्रहण गर्ने समय अधिले नै हो। सावधान, मुक्ति पाउने समय अहिले नै हो" (२ कोरन्थी ६:२ रूपान्तरित)।

यस संसारमा धनी सम्पन्न तथा प्रतिष्ठित तथा सम्माननीय व्यक्ति भयो भन्दैमा उसले अनन्त जीवनको इनाम पाउँछ भन्ने छैन भनेर त्यस अर्तिकथाले सिकाउँदछ। आफूसँग के छ त्यसले मुक्ति दिँदैन रे! "त्यो धनी मानिस अत्यन्त महँगो बैजनी रङ्गको पोशाक र सुती कपाडाको वस्त्रले झकिझकाउ गरेर बस्थ्यो। ऊ एकदम मोजमज्जामा रहेर सजिलो जीवन बिताउँथ्यो" (लूका १६:१९ रूपान्तरित)। संसारले दिइने सबै थोक उसमा थियो तर जीवनमा चाहिने अति महत्त्वपूर्ण तत्व परमेश्वरचाहिँ उसमा थिएन। त्यो मानिसमा परमेश्वरत्व नभएको कारणले उसको अगाडि मानव जीवनको गरिमाको वास्ता थिएन। धनी मानिसको पाप उसको धनमा थिएन तर परमेश्वरको परिवारको

फराकिलोपन उसले सोचेको भन्दा फराकिलो छ भनेर स्वीकार्न उसले चाहेको थिएन।

मरेपछि मुक्तिको निम्ति दोस्रो अवसर फेरि कहिल्यै पनि पाउने छैन। **मरे पछि न त आफ्नो अथक प्रयासले न त अरू मानिसको धर्मकर्मले मुक्ति पाउने दोस्रो अवसर मिल्छ भन्ने त्यस अर्तीकथाले स्पष्ट पार्दछ। "मानिसहरू एक फेरा मर्दछन् अनि त्यसपछि तिनीहरूलाई परमेश्वरले न्याय गर्नुहुन्छ"" (हिब्रू ९:२७ रूपान्तरित)। यस अर्तीकथाले अर्को अत्यन्त महत्त्वपूर्ण पाठ यो सिकाउँद छ कि परमेश्वरलाई ग्रहण गर्ने वा उहाँको खिलाफमा जाने निर्णय गर्ने त्यसको निम्ति प्रसस्त अवसर र प्रमाण प्रत्येक मानिसलाई अहिले नै जुटाइ दिएको छ। संसारको कुनै पनि धर्मले मरेपछि आफ्नो धर्मकर्म वा अरूको धर्मकर्मले गर्दा मुक्ति पाउन दोस्रो अवसर पाउँछ भनेर भनेर सिकाउँछ त्यो सरासर भयङ्कर गलत शिक्षा हो भनेर बाइबलले त्यस अर्तीकथाद्वारा स्पष्टरूपमा खुलाएको पाइन्छ।**

परमेश्वरको प्रेमको उहाँले हामीलाई मुक्ति दिनुभएको बारेमा विभिन्न चर्चा गर्न हामी अत्यन्त रूचाउँछौं। तर कुराले मात्र होइन तर कामद्वारा नै परमेश्वरको प्रेमलाई प्रदर्शन नगर्दा र मुक्तिलाई गम्भिररूपमा नलिंदा हामीहरूको गती कस्ति हुनेछ भनेर त्यस अर्तीकथाले हामीलाई कसरी सजग गराउँछ?

## ५. "म अन्धा थिएँ अब म देख्न सकेको भएको छु" (लूका १८:३५-४३)

**येशूको मिसन वक्तव्य वा लक्ष्यको स्वीकारोक्ति यो थियो कि हराएकाहरूलाई खोज्न र उद्धार गर्न उहाँ यस संसारमा आउनुभएको हो। केवल आत्मिक रूपमा मात्र होइन, तर शारीरिक, मानसिक, सामाजिक र अध्यात्मिक रूपमा स्त्री तथा पुरुषलाई काँचुली फेर्नको निम्ति उहाँ आउनुभएको हो। जीवनमा टुक्रिएको अवस्थालाई येशूले पूर्णरूपमा स्वस्थ बनाएर कसरी पुनर्स्थापित गर्नुभयो भनेर लूकाले दुई प्रत्यक्ष्य उदाहरणद्वारा देखाउँछन्: एक जना शारीरिक रूपमा अन्धा र अर्कोचाहिँ आत्मिक रूपमा अन्धा। दुवै खालका ती मानिसहरू**

सर्वसाधारण जीवनबाट तिरस्कृत थिए। एक जना बाटोमा बसेर माग्ने थियो भने अर्को विदेशी राष्ट्रको निम्ति आफ्नो देशमा आफ्नो मानिसहरूबाट कर असुल गर्ने व्यक्ति। तर ती दुवै मानिसहरू येशूको नजर वा हृदयबाट टाढा थिएन।

देहायको अर्तीकथाले हामी परमेश्वरमाथि पूरा भरोसा राख्नुपर्छ भनेर कसरी सिकाउँदछ? "प्रभु ममाथि दया गर्नुहोस्" भनेर आवश्यक परेको बेलामा नकाराउने हामीमध्ये को होला? हेर्नुहोस् लूका १८:३५-४३ "उहाँ यरीहोको नजिक पुग्नुभयो। त्यहाँ एक जना अन्धो बाटोको छेउमा बसेर भीख मागिरहेको थियो। ३६ एउटा भीड छेउबाट गइरहेको सुनेर 'यो के हो?' भनेर त्यसले सोध्यो। ३७ मानिसहरूले त्यसलाई भने, "नासरतका येशू यतैबाट जाँदैहुनुहुन्छ।" ३८ तब त्यो यसो भन्दै करायो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्!" ३९ अगिअगि हिँड्नेहरूले त्यसलाई चूप लाग् भनेर हप्काए, तर त्यो झन् साह्रो करायो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्!" ४० येशू अड़िनुभयो, र त्यसलाई आफूकहाँ ल्याउने आज्ञा गर्नुभयो। त्यो नजिक आएपछि उहाँले त्यसलाई सोध्नुभयो, ४१ "तिमी के चाहन्छौ? म तिम्रो निम्ति के गरूँ?" त्यसले भन्यो, "प्रभु, म देख्न सकूँ"। ४२ तब येशूले त्यसलाई भन्नुभयो, "तिमी देख्ने भइजाऊ। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" ४३ अनि तुरुन्तै त्यो देख्ने भयो, र परमेश्वरको प्रशंसा गर्दै त्यो उहाँको पछि लाग्यो। यो देखेर सबै मानिसहरूले परमेश्वरको प्रशंसा गरे।

मर्कूसले त्यस अन्धा मानिसको नाउँ बर्तिमास भनेर ठोकेर लेख्दछन् (मर्कूस १०:४६)। ऊ यरिहो शहरको बाहिर रहेर मगन्ते मानिस थियो। ऊ अपाङ्ग, गरिब र समाजबाट तिरस्कृत मानिस थियो। तर उसले आफूलाई अचानक स्वर्गको अचम्मको वातावरणमा आफूलाई पाइयो। "नासरथको येशू ऊ भएकै ठाँउबाट जान्दै थियो रे!" (लूका १८:३७ रूपान्तरित)। अनि उसभित्र रहेको विश्वासको चित्कारले ऊ कराउँछ "हे दाउदको पुत्र, ममाथि दया देखाउनुहोस्!" (पद ३९ रूपान्तरित)। विश्वासको निम्ति हेर्न आँखा चाहिँदैन, सुन्न कानहरू न त

**चलमल गर्न खुट्टा र हातहरू तर संसारको सृष्टिकर्ता परमेश्वरसँग अन्तरहृयदले राखेको सम्बन्धको आवश्यक छ।**

अर्को "अन्धा" मानिसको बारेमा लूका १९:१-१० लूकाले वर्णन गर्छन्। त्यो अन्धा को हो त? हेर्नुहोस्: "१ येशू यरीहोमा प्रवेश गरेर त्यहाँबाट जाँदैहुनुहुन्थ्यो। २ त्यहाँ जखायस नाउँ भएका एक जना मानिस थिए। तिनी कर उठाउनेहरूमा प्रमुख मानिस थिए, अनि धनी थिए। ३ येशू को हुनुहुँदोरहेछ भनेर तिनी हेर्न चाहन्थे, तर पुड्को भएका हुनाले भीड़ले गर्दा तिनले देख्न सकेनन्। ४ तिनी उहाँलाई हेर्नलाई अगिअगि दौड़ेर एउटा अञ्जीरको रूखमा चढ़े। किनकि येशू त्यही बाटो भएर जान लाग्नुभएको थियो। ५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँड़ो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ।" ६ तिनी झट्टै ओर्लेर आए। अनि खुशीसाथ उहाँको सत्कार गरे। ७ जब मानिसहरूले यो देखे, तिनीहरू सबै यसो भनेर गनगनाउन लागे, "उनी पापीको घरमा पाहुना लाग्न गए।" ८ जखायसले खड़ा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" ९ तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। १० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।"

**येशूलाई छि छि दुरदुर गर्ने मानिसहरूको बीचमा रहेर धेरै कामकुराहरू गर्नुभएको थियो। उहाँको जीवनको अन्तिम दिनहरूमा घटेको घट्नाहरूमा जखरियाको कथा एक थियो जुन लूकाले भन्दछ। हराएकाहरूलाई खोज्न र उद्धार गर्ने येशूको लक्ष्य जखरियाको जीवनमा कसरी पूरा भयो भनेर सबूद प्रमाण अत्यन्त प्रभावकारी रूपमा लूकाले स्पष्ट पारेका छन्। जखरिया यरिहो शहरको करको हाकिम थियो। यहूदी धर्मका गुरू फरिसीहरूले जखरिया पापीहरूको सरदार भनेर हेप्दथ्यो। येशूले अनौठो ठाउँमा र अनौठो तरिका अपनाएर आफ्नो लक्ष्य**

पूरा गर्नु भएको थियोः सिकामोर रूख, येशू को हुनुहुन्छ भनेर कौतुहलले उहाँलाई हेर्न खोज्ने रूखमा लुकिरहने मानिस र प्यारो प्रभुले अचानक रूखबाट त्यस मानिसलाई ओर्ल्हेर आउन आह्वान। जखरियाले निमन्त्रणा नदिएतापनि येशूले आफूले आफैलाई उसको घरमा पाहुना हुन जाने चाहना व्यक्त गर्नुभएको थियो। तर त्यस दिन एक महत्त्वपूर्ण सन्देश सबैको सामु दिनुपरेको थियो "आज यस घरमा मुक्ति आएको छ" (लूका १९:९ रूपान्तरित)। तर त्यो मुक्ति आफूले गल्ती गरेका कुराहरूलाई जखरियाले पहिला ठिक बनायो भने मात्र पाइन्थ्यो।

अरूको गल्ती र कमजोरीहरू हेर्न धेरै सजिलो छ। तर आफ्नो गल्ती हेर्न कतिपय समयमा अन्धा हुन्छौं। तपाईंको जीवनमा के यस्ता कुराहरू छन जुन् पछि गरौंला भनेर भुल स्वीकार गर्न आनकानी गरिरहनुभएको छ जसले गर्दा तपाईंले आत्मिक रूपमा विजयी जीवन बिताउन मुश्किल भइरहेको छ?

## उपसंहारः

थप जानकारीः "ख्रीष्टले भन्नुभएको हराएको भेंडाको अर्थ दुवै पापी व्यक्ति र एक फेरा येशूलाई ग्रहण गरिसकेपछि पापको बिनाशमा परेर आफ्नो जीवनलाई बरवाद पार्ने विश्वासी हुन्।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. १९०बाट रूपान्तरित।

मानिसको प्राणको मूल्यः "मानिसको प्राणको मूल्य कति छ भनेर कसल मूल्याङ्कन गर्न सक्छ र? मानिसको मूल्य थाहा पाउन गेतसमनेको बँगैचामा जानुहोस् र घन्टौं सम्म ख्रीष्टले भोग्नुभएको पिडा हेर्नुहोस्। चिटचिट रगत मिसिएको पसिनाका थोपाहरू येशूको निधारबाट झरेको हेर्नुहोस्।...मुक्तिदातालाई क्रुसमा उचालेको हेर्नुहोस्।...क्रुसको मुनी रहेर यो सोच्नुहोस् कि केवल एक जना पापीको निम्ति भएपनि ख्रीष्टले आफ्नो जीवन दिनुहुन्थ्यो होला। अनि तपाईंले मानिसको प्राणको मोल थाहा पाउनुहुनेछ।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेसनस्, पृ. १९६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. सबै धर्महरूले मानिस परमेश्वरको खोजमा छ भनेर सिकाउँछ। तर इसाई धर्मले परमेश्वर नै मानिसको खोजीमा छ भनेर सिकाउँदछ, जसरी आदमलाई खोज्नुभयो, कयनलाई आफ्नो भाईको हत्यापछि तिम्रो भाई कहाँ छ भनेर सोध्नुभयो (उत्पत्ति ४:९), एलियालाई तिमी यहाँ के गरिरहेको भनेर सोध्नुभयो (१ राजा १९:९), जखरियालाई, तिमी तल ओर्लेर आउ भन्नुभयो (लूका १९:५)। परमेश्वरले तपाईंलाई खोजीरहनुभएको मामिलामा तपाईंको अनुभव के छ?

आ. बेपत्ता भएको छोरोको कथाको अन्तमा उसको दाजुले के गम्भिर भूल गरेको थियो? उसको नियतमा के आत्मिक कमजोर देखाएको थियो? हामीले नसोचेकै भएतापनि त्यही गम्भिर भूल कसरी गर्नसक्छौं?

इ. धनी मानिस र लाजरसको कथामा येशूले यो भन्नुभयो कि मरेको मानिस बिउँतेर आएपनि विश्वास नगर्ने मानिसहरूको कमी हुँदैन। येशूको पुनरुत्थानको मामिलामा त्यस अर्तीकथा कसरी भविष्यवाणी हुन पुग्यो? येशूको पुनरुत्थानको प्रभावकारी प्रमाण भएतापनि कति चेलाहरूले उहाँको पुनरुत्थानलाई हतपत विश्वास गरेको थिएन।

ई. येशूको उद्धार गर्ने सेवाकार्यमा सबै मानिसहरूलाई भेदभावरहित व्यवहार गर्नुभएको थियो जस्तैः अन्धो माग्ने, धनी जखरिया, पण्डित निकोदिमस र समारितन स्त्री। परमेश्वरको सामु सबै मानिस बराबर छन् भनेर क्रुसले जस्तो दिएको प्रमाण अरू के हुनसक्छ र? यस महत्त्वपूर्ण आत्मज्ञानले अरूलाई हामीले कसरी व्यवहार गर्नुपर्छ भनेर सिकाउँछ?

उ. बेपत्ता हुनचाहेको छोरो र धनी मानिस र लाजरसको अर्तीकथालाई तुलनात्मक रूपमा हेर्नुहोस्। ती दुवैमा के संतुलित पाठ सिकाएको छ?